स्थायी लेखा नं.: ३०३४२५०२७ सामाजिक कल्याण परिषद् आबद्धता नं.: ३७८७६ नि.प्र.का. काठमाडौं, दर्ता नं.: ०७/२०१९/४/३

नेपाल इन्जिनियर्स एशोसिएसन

केन्द्रीय कार्यालय
पुल्चोक, ललितपुर

An NS/ISO 9001: 2015 Certified Organization

३४औं केन्द्रीय कार्यकारिणी समिति

अध्यक्ष
इ. सुबास चन्द्र बराल
उपाध्यक्ष
इ. प्रकाश के.सी.
महासचिव
इ. विनोद प्रकाश पण्डित
उप-महासचिव
इ. अनिल मानन्धर
कोषाध्यक्ष
इ. सुमन थापा
सह-कोषाध्यक्ष
इ. कृष्ण प्रसाद पोखेल

सदस्यहरु
आ. प्रियंका गुप्ता
इ. संजय कुमार साह
इ. नेत्र प्रसाद देवकोटा
इ. अनिल पौडेल
इ. भैरव धिताल
इ. सुजन श्रेष्ठ
इ. विक्रम कुमार दास
इ. लोकेन्द्र अधिकारी
इ. एमेन्द्र गुरुङ
इ. यम कृष्ण पौडेल
इ. प्रभुराम पोखरेल
इ. जय किसुन राय
इ. टिकाराम पोखेल
(कर्णाली प्रदेश)
इ. पूर्ण कुँवर
(सुदूरपश्चिम प्रदेश)
इ. अबित के.सी.
(गण्डकी प्रदेश)
इ. पवन कुमार झा
(कोशी प्रदेश)
इ. आकाश वर्मा
(लुम्बिनी प्रदेश)
इ. मेघनाथ ढकाल
(बागमती प्रदेश)
इ. तेज नारायण यादव
(मधेश प्रदेश)

प.स./च.नः २०८३/०८४- ८७ मितिः २०८३/०७/२०

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
दर्ता नं. : ४०४६
मितिः ०८३।७।२०

श्री सम्माननीय प्रधानमन्त्रीज्यू,
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
सिंहदरबार, काठमाडौं।

विषयः इन्जिनियरहरूको पेशागत मर्यादा, सुरक्षा तथा कार्यसम्पादन अनुकूलको वातावरण सुनिश्चित गरिदिने सम्बन्धमा।

सम्माननीय प्रधानमन्त्रीज्यू,

उपरोक्त सम्बन्धमा, जलस्रोत तथा सिँचाइ विभागका महानिर्देशक इ. दिनेश रजौरिया तथा सुनकोशी मरिण डाइभर्सन बहुउद्देश्यीय आयोजनाका निर्देशक इ. कृष्णप्रसाद रिजाललाई केही दिन अघि प्रहरीले नियन्त्रणमा लिएको विषयमा नेपाल इन्जिनियर्स एशोसिएसनले सम्बन्धित निकायसँग गिरफ्तारीको कानुनी आधार र कारण तत्काल सार्वजनिक गर्न तथा वहाँहरूको मानव अधिकार र कानुनी अधिकारको पूर्ण प्रत्याभूति गर्न जोडदार माग गर्दै कानून बमोजिम निष्पक्ष, पारदर्शी र विधिसम्मत अनुसन्धान प्रक्रिया अवलम्बन गर्न आग्रह सहित मिति २०८३/०७/१३ गते जारी प्रेस विज्ञप्ति मार्फत अनुरोध गरिएको तर हालसम्म उक्त विषयको सत्य तथ्य जानकारी सार्वजनिक नभएको हुदाँ आम इन्जिनियर समुदायमा आशंकाको स्थिति पैदा भएको व्यहोरा सम्माननीयज्यू समक्ष निवेदन गर्दछौं।

राज्यका निकायहरू राष्ट्र निर्माणमा समर्पित कर्मचारी तथा सम्पूर्ण नागरिकका अभिभावकका रूपमा रही विधिको शासन, प्रशासनिक मर्यादा र न्यायका स्थापित मान्यताहरूको संरक्षण एवं प्रवर्द्धन गर्नुपर्ने हाम्रो मान्यता रहेको छ। कुनै पनि विषयमा अनुसन्धान वा सोधपुछ गर्नुपर्ने अवस्था सिर्जना भएमा प्रचलित कानुनबमोजिमको प्रक्रिया, स्थापित प्रशासनिक अभ्यास तथा सम्बन्धित पदको गरिमालाई पूर्णतः सम्मान गरिनु आवश्यक हुन्छ। यस सन्दर्भमा उच्च पदस्थ प्राविधिक नेतृत्वप्रति अपनाइएको उक्त कार्यशैलीले समग्र इन्जिनियरिङ समुदायमा संशय, अनिश्चितता र पेशागत असुरक्षाको वातावरण सिर्जना गरेको छ।

यसका साथै बोलपत्र वा खरिद प्रक्रियामा कुनै असहमति वा त्रुटिको आशंका भएमा सार्वजनिक खरिद ऐन, नियमावली तथा स्थापित प्रशासनिक संयन्त्रमार्फत छानबिन, पुनरावलोकन वा सुधार गर्ने स्पष्ट कानुनी व्यवस्था विद्यमान छ। यस्ता विषयहरू सोही कानुनसम्मत र संस्थागत प्रक्रियाबाट सम्बोधन गरिनु नै विधिको शासन र सुशासनको मर्मअनुरूप हुने हाम्रो विश्वास छ।

ठेगानाः इन्जिनियर भवन, पुल्चोक, ललितपुर, जि.पि.ओ. बक्स नं ६०४, काठमाडौं, नेपाल, फोन नं ०१-५०१०२५१, ५०१०२५२, ५०१०२५३
इमेलः info@neanepal.org.np, URL: www.neanepal.org.np

स्थायी लेखा नं.: ३०३४२५०२७ सामाजिक कल्याण परिषद् आवद्धता नं.: ३७८७६ जि.प्र.का. काठमाडौं, दर्ता नं.: ०७/२०१९/४/३

नेपाल इन्जिनियर्स एशोसिएसन

केन्द्रीय कार्यालय
पुल्चोक, ललितपुर
An NS/ISO 9001: 2015 Certified Organization

३४औं केन्द्रीय कार्यकारिणी समिति

अध्यक्ष
इ. सुबास चन्द्र बराल
उपाध्यक्ष
इ. प्रकाश के.सी.
महासचिव
इ. विनोद प्रकाश पण्डित
उप-महासचिव
इ. अनिल मानन्धर
कोषाध्यक्ष
इ. सुमन थापा
सह-कोषाध्यक्ष
इ. कृष्ण प्रसाद पोखेल

सदस्यहरु
आ. प्रियंका गुप्ता
इ. संजय कुमार साह
इ. नेत्र प्रसाद देवकोटा
इ. अनिल पौडेल
इ. भैरब धिताल
इ. सुजन श्रेष्ठ
इ. विक्रम कुमार दास
इ. लोकेन्द्र अधिकारी
इ. एमेन्द्र गुरुङ
इ. यम कृष्ण पौडेल
इ. प्रभुराम पोखरेल
इ. जय किसुन राय
इ. टिकाराम पोखेल
(कर्णाली प्रदेश)
इ. पूर्ण कुँवर
(सुदूरपश्चिम प्रदेश)
इ. अबित के.सी.
(गण्डकी प्रदेश)
इ. पवन कुमार झा
(कोशी प्रदेश)
इ. आकाश वर्मा
(लुम्बिनी प्रदेश)
इ. मेघनाथ ढकाल
(बागमती प्रदेश)
इ. तेज नारायण यादव
(मधेश प्रदेश)

राष्ट्रको विकास तथा पूर्वाधार निर्माणका कार्यमा प्रत्यक्ष रूपमा संलग्न इन्जिनियरहरूलाई आफ्नो जिम्मेवारी निर्वाह गर्ने क्रममा अनावश्यक मानसिक दबाब, त्रास र असुरक्षाको अनुभूति हुने अवस्था सिर्जना हुनु समग्र विकास प्रशासनका लागि सकारात्मक विषय होइन। प्राविधिक निर्णय तथा आयोजना कार्यान्वयनमा संलग्न नेतृत्वलाई नै असहज र त्रासपूर्ण वातावरणमा काम गर्नुपर्ने परिस्थिति उत्पन्न भएमा त्यसले निर्णय प्रक्रियामा नकारात्मक प्रभाव पार्नुका साथै राष्ट्रिय गौरवका आयोजनासहित समग्र पूर्वाधार विकास तथा निर्माणका कार्यहरूको प्रभावकारिता र गतिमा समेत असर पुग्न सक्ने देखिन्छ।

इन्जिनियरिङ पेशाको मर्यादा, प्राविधिक जनशक्तिको मनोबल तथा राष्ट्रको विकास निर्माणमा उनीहरूको योगदानलाई दृष्टिगत गर्दै यस विषयमा नेपाल सरकारको गम्भीर ध्यानाकर्षण गराउँदै देहायका विषयहरू सम्बोधन गरिदिनुहुन अनुरोध गर्दछौं।

१. जलस्रोत तथा सिँचाइ विभागका महानिर्देशक तथा सुनकोशी मरिण डाइभर्सन बहुउद्देश्यीय आयोजनाका निर्देशकलाई उपस्थित गराइएको घटनाको स्पष्ट, वस्तुनिष्ठ एवं कानुनी आधार सार्वजनिक गरियोस्।
२. कुनै पनि प्राविधिक कर्मचारी वा पदाधिकारीसँग अनुसन्धान, सोधपुछ वा आवश्यक जानकारी लिने क्रममा प्रचलित कानुन, विधि, प्रक्रिया तथा पेशागत एवं प्रशासनिक मर्यादाको पूर्ण पालना सुनिश्चित गरियोस्।
३. प्रचलित कानुन तथा स्वीकृत विधि र प्रक्रियाबमोजिम आफ्नो जिम्मेवारी निर्वाह गरिरहेका इन्जिनियरहरूलाई सुरक्षित, मर्यादित र त्रासमुक्त वातावरणमा कार्यसम्पादन गर्न पाउने प्रत्याभूति प्रदान गरियोस्।
४. प्राविधिक निर्णय प्रक्रियामा अनावश्यक दबाब र असहजता सिर्जना हुन नदिई आयोजना कार्यान्वयनलाई प्रभावकारी बनाउन इन्जिनियरहरूको पेशागत मनोबल उच्च राख्ने तथा प्राविधिक नेतृत्वलाई जिम्मेवारी निर्वाह गर्न अनुकूल वातावरण सुनिश्चित गर्ने व्यवस्था मिलाइयोस्।
५. बोलपत्र वा खरिद प्रक्रियामा कुनै असहमति वा त्रुटिको आशंका भएमा सार्वजनिक खरिद ऐन, नियमावली तथा स्थापित प्रशासनिक संयन्त्रमार्फत छानबिन, पुनरावलोकन र सुधार गर्ने स्पष्ट कानुनी व्यवस्था रहेकाले यस्ता विषयलाई कानुनसम्मत र संस्थागत प्रक्रियाबाटै सम्बोधन गर्ने परम्परा बसालियोस्।

इन्जिनियरिङ समुदाय विधिको शासन, जवाफदेहिता र सुशासनको पक्षमा सदैव प्रतिबद्ध छ। कानुनबमोजिम हुने अनुसन्धान तथा आवश्यक छानबिनप्रति हाम्रो कुनै असहमति रहेको स्पष्ट पार्दै, त्यस्ता प्रक्रिया निष्पक्ष, वस्तुनिष्ठ, मर्यादित र कानुनसम्मत हुनुपर्ने हाम्रो दृढ मान्यता रहेको

ठेगाना: इन्जिनियर भवन, पुल्चोक, ललितपुर, जि.पि.ओ. बक्स नं. ६०४, काठमाडौं, नेपाल, फोन नं. ०१-५०१०२५१, ५०१०२५२, ५०१०२५३
इमेल: info@neanepal.org.np, URL: www.neanepal.org.np

स्थायी लेखा नं.: ३०३४२५०२७ सामाजिक कल्याण परिषद् आबद्धता नं.: ३७८७६ जि.प्र.का. काठमाडौं, दर्ता नं.: ०७/२०१९/४/३

नेपाल इन्जिनियर्स एशोसिएसन

केन्द्रीय कार्यालय
पुल्चोक, ललितपुर

An NS/ISO 9001: 2015 Certified Organization

३४औं केन्द्रीय कार्यकारिणी समिति

अध्यक्ष
इ. सुबास चन्द्र बराल
उपाध्यक्ष
इ. प्रकाश के.सी.
महासचिव
इ. विनोद प्रकाश पण्डित
उप-महासचिव
इ. अनिल मानन्धर
कोषाध्यक्ष
इ. सुमन थापा
सह-कोषाध्यक्ष
इ. कृष्ण प्रसाद पोखेल

सदस्यहरु
आ. प्रियंका गुप्ता
इ. संजय कुमार साह
इ. नेत्र प्रसाद देवकोटा
इ. अनिल पौडेल
इ. भैरव धिताल
इ. सुजन श्रेष्ठ
इ. विक्रम कुमार दास
इ. लोकेन्द्र अधिकारी
इ. एमेन्द्र गुरुङ
इ. यम कृष्ण पौडेल
इ. प्रभुराम पोखरेल
इ. जय किसुन राय
इ. टिकाराम पोखेल
(कर्णाली प्रदेश)
इ. पूर्ण कँवर
(सुदूरपश्चिम प्रदेश)
इ. अबित के.सी.
(गण्डकी प्रदेश)
इ. पवन कुमार झा
(कोशी प्रदेश)
इ. आकाश वर्मा
(लुम्बिनी प्रदेश)
इ. मेघनाथ ढकाल
(बागमती प्रदेश)
इ. तेज नारायण यादव
(मधेश प्रदेश)

छ। इन्जिनियरहरूको पेशागत मर्यादा, सुरक्षा र स्वाभिमानको संरक्षण गर्दै उनीहरूलाई निर्भीक रूपमा राष्ट्रको विकास निर्माणमा योगदान पुऱ्याउन सक्ने वातावरण निर्माण गर्नु राज्यको महत्वपूर्ण दायित्व हो।

अतः उल्लिखित विषयहरूमा सम्माननीय प्रधानमन्त्रीज्यूको गम्भीर ध्यानाकर्षण भई आवश्यक पहल तथा निर्देशन जारी हुने विश्वास व्यक्त गर्दछौं। पूर्वाधार विकास, आयोजना निर्माण, प्राविधिक सुशासन तथा नीतिगत सुधारका कार्यमा नेपाल सरकारलाई आवश्यक साथ, सहयोग र रचनात्मक योगदान पुऱ्याउन नेपाल इन्जिनियर्स एशोसिएसन लगायत सम्पूर्ण इन्जिनियरिङ समुदाय सदैव तत्पर र प्रतिबद्ध रहेको व्यहोरा समेत सादर अनुरोध गर्दछौं।

धन्यवाद।

भवदीय,

.....

अध्यक्ष
इ. सुबास चन्द्र बराल

नेपाल इन्जिनियर्स एशोसिएसन NEPAL ENGINEERS' ASSOCIATION २०१९ - 1962 ज्ञान नै शक्ति श्रम नै भक्ति

ठेगाना: इन्जिनियर भवन, पुल्चोक, ललितपुर, जि.पि.ओ. बक्स नं. ६०४, काठमाडौं, नेपाल, फोन नं. ०१-५०१०२५१, ५०१०२५२, ५०१०२५३
इमेल: info@neanepal.org.np, URL: www.neanepal.org.np

संयुक्त प्रेस विज्ञप्ति

मितिः२०८३/०७/२०

जलस्रोत तथा सिँचाइ विभागका महानिर्देशक इ. दिनेश रजौरिया तथा सुनकोशी मरिण डाइभर्सन बहुउद्देश्यीय आयोजनाका निर्देशक इ. कृष्णप्रसाद रिजाललाई केही दिन अघि प्रहरीले नियन्त्रणमा लिएको विषयमा नेपाल इन्जिनियर्स एशोसिएसनले सम्बन्धित निकायसँग गिरफ्तारीको कानुनी आधार र कारण तत्काल सार्वजनिक गर्न तथा वहाँहरूको मानव अधिकार र कानुनी अधिकारको पूर्ण प्रत्याभूति गर्न र कानून बमोजिम निष्पक्ष, पारदर्शी एवं विधिसम्मत अनुसन्धान प्रक्रिया अवलम्बन गर्नको लागी आग्रह सहित मिति २०८३/०७/१३ गते एशोसिएसनद्वारा जारी प्रेस विज्ञप्ति मार्फत अनुरोध गरिएको तर हालसम्म उक्त विषयको सत्य तथ्य जानकारी सार्वजनिक नभएको हुदाँ आम इन्जिनियर समुदायमा आशंकाको स्थिति पैदा भएको छ।

राज्यका निकायहरू सबै नागरिक तथा राष्ट्र निर्माणमा खटिने राष्ट्रसेवकका अभिभावक हुनुपर्नेमा, कानुनी प्रक्रिया र आधार नै पुष्टि नगरी हठात् रूपमा यसरी उच्च पदस्थ प्राविधिक प्रमुखहरूलाई पक्राउ शैलीमा नियन्त्रणमा लिने वा उपस्थित गराउने कार्य न्यायसंगत छैन। कुनै पनि अनुसन्धान वा सोधपुछका स्थापित कानूनी मान्यता र प्रशासनिक मर्यादालाई मिचेर गरिएको यस्तो कदमले समग्र इन्जिनियर समुदायमा गम्भीर संशय, अनिश्चितता र असुरक्षाको वातावरण सिर्जना गरेको छ।

यसका साथै बोलपत्र वा खरिद प्रक्रियामा कुनै असहमति वा त्रुटिको आशंका भएमा सार्वजनिक खरिद ऐन, नियमावली तथा स्थापित प्रशासनिक संयन्त्रमार्फत छानबिन, पुनरावलोकन वा सुधार गर्ने स्पष्ट कानुनी व्यवस्था विद्यमान छ। यस्ता विषयहरू सोही कानुनसम्मत र संस्थागत प्रक्रियाबाट सम्बोधन गरिनु नै विधिको शासन र सुशासनको मर्मअनुरूप हुने हाम्रो विश्वास छ।

प्राप्त जिम्मेवारी सहित आफ्नो कर्तव्यमा खटिएका इन्जिनियरहरूमाथि हुने यस प्रकारका अमर्यादित व्यवहारले आगामी दिनमा नैराश्यता मात्र पैदा गर्नेछ। प्राविधिक नेतृत्वलाई नै त्रासको वातावरणमा काम गर्न बाध्य पारिंदा हाल सञ्चालित साना ठूला सम्पूर्ण पूर्वाधार निर्माण तथा विकासका कार्यहरूमा संलग्न इन्जिनियरहरू हतोत्साही हुने वातावरणको सिर्जना हुन जान्छ। जसबाट देशको विकास निर्माणको गतिलाई नकारात्मक असर पर्ने जोखिम रहने भएको हुँदा राज्यबाट आगामी दिनमा यस प्रकारको व्यवहार नहोस् भन्ने अपेक्षा गर्दै हामी सम्पूर्ण इन्जिनियरिङ संघ संस्थाहरूको तर्फबाट सरकार समक्ष निम्नलिखित माग गर्दछौं।

१. सिँचाइ विभागका महानिर्देशक र सुनकोशी मरिण आयोजनाका निर्देशकमाथि गरिएको उक्त कार्यको स्पष्ट र कानुनी आधार सार्वजनिक गरियोस्।

२. कुनै पनि प्राविधिक कर्मचारीलाई सोधपुछ गर्दा कानूनको शासन र पेशागत मर्यादाको पूर्ण पालना गरियोस्।

३. नेपालको प्रचलित कानून, विधि, प्रक्रिया र नियम बमोजिमको कार्यमा समर्पित इन्जिनियरहरूलाई सुरक्षित, मर्यादित र त्रासमुक्त वातावरणमा काम गर्ने प्रत्याभूति दिलाइयोस्।

४. निर्णय प्रक्रियामा असहजता पैदा हुँदा आयोजना कार्यान्वयनमा समस्या आउन सक्ने भएकाले प्राविधिक नेतृत्वलाई मानसिक दबाब दिनुको सट्टा इन्जिनियरहरूको मनोबल उच्च बनाउने तर्फ सम्बन्धित निकायको ध्यान पुगोस्।

५. बोलपत्र वा खरिद प्रक्रियामा कुनै असहमति वा त्रुटिको आशंका भएमा सार्वजनिक खरिद ऐन, नियमावली तथा स्थापित प्रशासनिक संयन्त्रमार्फत छानबिन, पुनरावलोकन र सुधार गर्ने स्पष्ट कानुनी व्यवस्था रहेकाले यस्ता विषयलाई कानुनसम्मत र संस्थागत प्रक्रियाबाटै सम्बोधन गर्ने परम्परा बसालियोस्।

तसर्थ आगामी दिनमा इन्जिनियरहरूले आफ्नो पेशागत मर्यादामा रही गरिएका कार्य तथा निर्णयहरुलाई निरूत्साहित गर्ने वातावरण सृजना नगरिदिनु हुन अनुरोध गर्दै पूर्वाधार विकास, आयोजना निर्माण र नीतिगत विषयहरुमा नेपाल सरकारलाई सदैव साथ र सहयोग पुर्याउन इन्जिनियर समुदाय तत्पर र प्रतिबद्ध रहेको व्यहोरा यसै विज्ञप्ति मार्फत अनुरोध गर्दछौं।

अध्यक्ष, इ. सुबास चन्द्र बराल,
Nepal Engineers' Association (NEA)

अध्यक्ष, इ. ठाकुर प्रसाद शर्मा,
Society of Consulting Architectural and Engineering Firms, Nepal (SCAEF)

अध्यक्ष, आ. ईश्वरलाल जोशी,
Society of Nepalese Architects (SONA)

अध्यक्ष, इ. कृष्ण सिंह बस्नेत,
Structural Engineers' Association, Nepal (SEANep)

अध्यक्ष, इ. हरेराम श्रेष्ठ,
Society of Transportation Engineers Nepal (SoTEN)

अध्यक्ष, इ. संजय महतो,
Nepal Valuers Association, (NVA)

अध्यक्ष, इ. प्रा. डा. सुवर्ण शाक्य,
Association of Computers Engineers, Nepal (Acen)

अध्यक्ष, इ. किशोर कुमार झा,
Regional and Urban Planners Society of Nepal (RUPSON)

अध्यक्ष, इ. महेश थापा,
Nepal Geomatics Engineering Society, (NGES)

महासचिव, इ. निर्मला लामा चन्द,
Nepal Hydropower Association